# बागमती प्रदेशस्तरीय जुनियर आइटिएफ तेक्वान्दो सम्पन्न




**हिमालय टाइम्स**

काठमाडौं, २८ माघ

बागमती प्रदेशस्तरीय जुनियर आइटिएफ तेक्वान्दो प्रतियोगिता २०८१ सम्पन्न भएको छ । काठमाडौंको दशरथ रंगशालाको कभर्डहलमा सञ्चालन भएको कार्यक्रम दुई दिन चलेको थियो । कार्यक्रममा बागमती प्रदेशका ११ वटा जिल्लाका २५० भन्दा बढी खेलाडीहरू सहभागी भएका थिए । खेलाडीहरूको बौद्धिक, शारीरिक, मानसिक क्षमता विकास गर्ने उद्देश्य राखेर तेक्वान्दो कार्यक्रम सञ्चालन गरिएको आयोजक धापासी आइटिएफ तेक्वान्दो डोजाङले जनाएको छ ।

बागमती प्रदेशभित्रका प्रतिभावान् उत्कृष्ट खेलाडी छनोट गर्न यस खेल महत्त्वपूर्ण बनेको आयोजकको दाबी छ । कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको खर्च टोखा नगरपालिका-४ रहेको थियो भने इडन ब्रिज एकेडेमी र मिल्सबेरी स्कुलले व्यवस्थापकीय भूमिका निभाएका थिए ।

खेलमा प्रथमको उपाधि काभ्रे जिल्लाले उचालेको छ । यस्तै, दोस्रो काठमाडौं जिल्ला हुँदा ललितपुर जिल्लाले तेस्रो उपाधि हात पारेको थियो । विजेता टिमलाई टोखा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसी, खेलकुद परिषद् सदस्य अञ्जन धमला, खेलकुद परिषद्का प्रशासकीय अधिकृत शारदा दाहालले प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

कार्यक्रमको प्रमुख अतिथिका रूपमा स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेल रहनुभएको थियो । टोखा वडा नं. ४ का वडाध्यक्ष धनेन्द्र श्रेष्ठ, वडासदस्य सरोज ठकुरी, अम्बिका आचार्य, बबि नगर्जी, ताराबहादुर थापा, वडा सचिव रमिला बुढा, डब्लुटिएफका केन्द्रीय सदस्य मनिश जोशी, धापासी डोजाङका अध्यक्ष रञ्जन श्रेष्ठ विशिष्ट अतिथिका रूपमा रहनुभएको थियो । अतिथिमा ओमकृष्ण विमली, रविन्द्र श्रेष्ठ, डेवीट घले, अञ्जु रावत, गोपाल श्रेष्ठ, कृष्णगोपाल श्रेष्ठ, तुलसी थापा मगर, अमृत श्रेष्ठ, गोपाल श्रेष्ठ, रितिज पुरी, राजेन्द्र लामा, कर्णाली प्रदेश तेक्वान्दो डब्लुटिएफका अध्यक्ष दन्तबहादुर शाहीलगायतको उपस्थिति रहेको थियो । धापासी तेक्वान्दो डोजाङले सञ्चालन गरेको यस प्रतियोगिताको समापन टोखा नगरपालिकाका नगरप्रमुख प्रकाश अधिकारीले गर्नुभएको थियो । समापन कार्यक्रममा धापासी तेक्वान्दो डोजाङका कोषाध्यक्ष एवं कार्यक्रम संयोजक कर्साङ दोर्जे स्याङवा तामाङको पनि उपस्थिति रहेको थियो ।

# अर्जुन ट्रफीको उपाधि अत्तरियालाई

**भोजराज रोस्यारा/हिटा**

धनगढी, २८ माघ




अर्जुन ट्रफी राष्ट्रिय टी-२० च्याम्पियनसिपको उपाधि सिवाइसी अत्तरियाले जितेको छ । सोमबार भएको फाइनलमा फ्रेण्ड्स युथ क्लब डडेल्धुरालाई ३४ रनले हराउँदै अत्तरिया च्याम्पियन बनेको हो ।

धनगढीको फाप्ला क्रिकेट मैदानमा भएको खेलमा अत्तरियाले टस जितेर पहिले ब्याटिङ रोजेको थियो । अत्तरियाले निर्धारित २० ओभरमा ११८ रन जोड्यो । तल्लो क्रमका ब्याटर रासिद खानले २१ बलमा ३१ रन बटुल्दै टिमलाई माथि उठाउनुभएको थियो । डडेल्धुराका अभिषेक गौतमले उत्कृष्ट बलिङ गर्दै चार ओभरमा १५ रन खर्चेर चार विकेट लिनुभयो ।

जवाफी ब्याटिङमा डडेल्धुराले १८ ओभरमा ८४ रनमात्रै जोड्न सक्यो । अत्तरियाका गजेन्द्र बोहराले सर्वाधिक २४ रन बनाउनुभयो भने ओपनर कुशल भुर्तेल २२ बलमा २० रन जोडेर आउट हुनुभयो । अत्तरियाका सहाब आलम र दीपेश कँडेलले तीन-तीन विकेट लिनुभएको थियो । नेपाल क्रिकेट संघको वार्षिक क्यालेण्डरमा समावेश भएको यो प्रतियोगिताको विजेताले नगद १० लाख र उपविजेताले नगद पाँच लाखसहित ट्रफी प्राप्त गरेका छन् । धनगढी र सुदूरपश्चिम प्रदेशको क्रिकेटका सारथि रहनुभएका स्वर्गीय अर्जुन खड्कालाई समर्पित गर्दै यो प्रतियोगिता आयोजना गरिएको हो ।

# भण्डारी र सापकोटा सम्मानित



**हिमालय टाइम्स**

ललितपुर, २८ माघ

नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेफ)ले यस वर्षको एनएसजेएफ अग्रज पत्रकारिता अवार्डबाट श्रीविक्रम भण्डारी र सुमन भोम्जन स्मृति युवा खेल पत्रकारिता पुरस्कारबाट विनयज्योति सापकोटालाई सम्मान गरेको छ ।

मञ्चले आफ्नो २९औं स्थापना दिवसको अवसरमा सोमबार ललितपुरमा आयोजित कार्यक्रममा अग्रज पत्रकार भण्डारी र अनुज पत्रकार सापकोटालाई सम्मान गरेको हो ।

अग्रजलाई सम्मान र युवालाई प्रोत्साहन भन्ने नाराका साथ विगत १० वर्षदेखि यो अवार्ड आयोजना गर्दै आएको छ । युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव टंकलाल घिसिङ, वागमती प्रदेश खेलकुद परिषदका सदस्य रवि महर्जन, एनएसजेएफका कार्यवहाक अध्यक्ष निरञ्जन अधिकारी र महासचिव प्रज्ज्वल ओलीले वरिष्ठ पत्रकार भण्डारीलाई २५ हजार नगद, ताम्रपत्र र दोसल्ला ओढाएर सम्मान गर्नुभएको थियो । यस्तै, खेलकुदमन्त्री चौधरीले युवा पत्रकार सापकोटालाई ल्यापटप र ताम्रपत्र प्रदान गर्दै सम्मान गर्नुभएको थियो ।

युवा तथा खेलकुदमन्त्री चौधरीले सम्मानित पत्रकारद्वयलाई बधाई दिँदै नेपाली खेलकुद क्षेत्रले प्रतीक्षा गरिरहेको दशौं राष्ट्रिय खेलकुद निर्धारित मितिमा नै आयोजना गर्ने प्रयास भइरहेको बताउनुभयो । उहाँले समयमा नै खेल आयोजना गर्न हरेक दिन काम भइरहेको जिकिर गर्नुभयो ।

**CHAUDANDIGADHI MUNICIPALITY**
**OFFICE OF MUNICIPAL EXECUTIVE**
BELTAR, UDAYAPUR
KOSHI PROVINCE, NEPAL

## Invitation for Electronic Bids

Date of publication: **2081/10/29 (Feb 11, 2025)**

1. ***Chaudandigadhi Municipality Office*** invites electronic bids from Nepalese eligible suppliers for following works:

Work Details:

| S.N. | Project Name and location | Bidding Type | Estimated Cost | Contract No. | Bid Security/ Bank Deposit | |
|---|---|---|---|---|---|---|
| | | | | | Amount NRs. | Validity |
| 1 | Supply and delivery of HDPE pipe | NCB | 19,93,000.00 (Nineteen lakhs & Ninety-three thousands) Inc. VAT | 10/CGM/ NCB/081/082 | 50,000 | 2082/03/27 or July 11, 2025 |

2. Date and Time Details:

| Pre Bid Meeting Date & Time | Bid Submission Date & Time | Bid Opening Date & Time | Bid Document Cost NRs |
|---|---|---|---|
| At 1:00 pm on 2081/11/15 (Feb 27, 2025) | On or before 12:00pm on 2081/11/29 (March 13,2025) | At 2:00 pm on 2081/11/29 (March 13, 2025) | 3,000 (Three Thousand Only) |

3. Bank and Contact Details:

| Office Address | Rajaswo Account No. For Bid Document Fee | Dharauti Account No. For Bid Security |
|---|---|---|
| Beltar, Udayapur 035-440247. Er Santosh Rai (9851203678) | Account No.: 2370100301010002 Name: CHAUDANDIGADHI NA.PA. (GA-1-1)- AANTA Bank Name: Rastriya Banijya Bank, Beltar Branch | Account No.: 2370100303000002 Name: CHAUDANDIGADHI NA.PA. (GA-3)- DHARAUTI Bank Name: Rastriya Banijya Bank, Beltar Branch |

**Chief Administrative Officer**

**Mahalaxmi Municipality**
**Office of the Municipal Executive**
**Jitpur, Dhankuta**
**Koshi Province, Nepal**

## Invitation for Bids

**Date of Publication: 2081-10-29 (2025-Feb-11)**

1. Mahalaxmi Municipality Jitpur, Dhankuta invites Online Bids from eligible bidders for the procurement of the following works.

| S. N. | Contract ID. &Name of Procurement | Estimated Amount (Without VAT & Contingencies) | Average Annual Construction Turnover of the best 3 years within the last 10 years (NRs) | Minimum work Experience of Similar Size and Nature (NRs. without VAT) | Bid Security (NRs) | Bid Document Fee (NRs) | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 1 | **MM/DKT/NCB/05 /2081/082** Mahalaxmi Nagarpalikama Cold Store Nirman (500MT coldstorage) | N/A | 5,03,91,900.00 | 4,03,13,000.00 | 18,48,000.00 | 5,000.00 | 2081-12-06, 13 PM (2025-March-19) |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents from www.bolpatra.gov.np./egp, Bidders, submitting their bid electronically, should deposit the cost of bidding documents in the account as specified Below.
   - **Name of the Bank** : Rastriya Banijya Bank ,Dhankuta Jitpur Branch.
   - **Name of Office** : Mahalaxmi Municipality Jitpur, Dhankuta.
   - **Office Code No.** : 801010603
   - **Office Account Name** : MAHALAXMI NA.PA.(GA-1-1)-AANTARIK R
   - **Office Account No** : 2350100301010003
   - **Shirshak No.** : 14229
4. Bid security amount deposited at Name and A/C No. MAHALAXMI NA.PA.(GA-3)-DHARAUTI ACC 2350100303000003 on the behalf of Office of the Mahalaxmi Municipality Executive at Rastriya Banijya Bank, Jitpur branch. Or Bidder who choose to submit their bid security amount as Bid bond, the bid bond should be issued from authorized and recognized commercial bank or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. A scan copy of bid bond is mandatory.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. All the other condition of bidding process will be as per the Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 following all revision.

**Chief Administrative Officer**

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय**
**मोरङ, विराटनगर**

## आर्थिक प्रस्ताव स्वीकृत भएको आशय सम्बन्धी सूचना

**सूचना नं.- २०/२०८१/०८२**
**(प्रथम पटक प्रकाशित मिति २०८१।१०।२९)**

यस कार्यालयबाट निम्न योजनाहरुको लागि मिति २०८१।०९।१७ गतेको नेपाल समाचारपत्रमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार म्याद भित्र **PPMO** को **E-procurement Portal** मार्फत रितपूर्वक दर्ता भई प्राविधिक प्रस्तावमा सफल सम्पूर्ण बोलपत्रहरुको आर्थिक प्रस्ताव मूल्यांकन गर्दा तपसिलका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही रहेको पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप-दफा २ को प्रयोजनार्थ सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | आयोजनाको नाम | न्युनतम मूल्याङ्कित बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु (पि.एस. सहित र मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| 1. | FUDBC/Morang/ NCB/Works/ 70-2081-082 | Integrated Urban Infrastructurs Development works at Belbari Muncipality , Morang | Biraji/Aashrika JV, Biratnagar-06, Morang | 2,76,29,692.50 |

**सभापोखरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बाह्रबिसे, संखुवासभा**
**कोशी प्रदेश, नेपाल**

## दरभाउपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना ।

**सूचना प्रकाशित मिति :- २०८१/१०/२९**

यस गाउँपालिकाको कार्यालयबाट मिति २०८१/१०/०७ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित दरभाउपत्र आह्वान सम्बन्धि सूचना अनुसार रितपूर्वक विद्युतिय माध्यम द्वारा पेश हुन आएका दरभाउपत्रहरु मध्ये मूल्याङ्कन समितिबाट न्युनतम मूल्याङ्कित तथा सारभुत रुपमा प्रवाभग्राहि देखिएका देहाय बमोजिमको दरभाउपत्रदातालाई स्वीकृतिका लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोहि ऐनको दफा ४७ बमोजिमको प्रयोजनार्थ ७ दिने सूचना सम्बन्धित सबैको जानकारिको लागि प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | बोलपत्र नं./ ठेक्का नं. | योजनाको नाम | स्वीकृत हुने फर्मको नाम / ठेगाना | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| १ | SPRM/SQ/03/ 081/082 | Supply and delivery of HDPE Pipes (NS 40, PE 100) for Orange Fruit Programme | श्री श्याम पोलिमर्स प्रा.लि., ओमसतिया-२, रुपन्देहि | ७,७८,२८७।५० (अक्षरुपी सात लाख अठ्हत्तर हजार दुई सय सतासि रुपैया पचास पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**